# सुशासन, समृद्धि र समाजवादको आधार
# अरुण– ७ मा एमालेको सरकार

## प्रतिवद्धता पत्र

**आदरणीय वडावासी आमावुवा, दिदीबहिनी तथा दाजुभाइहरु !**

यही वैशाख ३० गते सम्पन्न हुन गइरहेको स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा नेकपा (एमाले) अरुण गाउँपालिका वडा नम्बर-७ यहाँहरुमा हार्दिक अभिवादन गर्न चाहन्छ । राष्ट्रियताको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समाजवादी ध्येयका लागि भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने आदरणीय अमर शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छौं ।

आसन्न स्थानीय तहको निर्वाचनमा नेकपा एमालेलाई आफ्नो अमूल्य मतदान गरि विजयी गराईदिनु हुन सम्पूर्ण वडावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हामी हार्दिक अनुरोध गर्दछौं । यहाँहरुको अमूल्य मतदानबाट विजयी भए पश्चात नेकपा (एमाले) ले यस वडामा गर्ने काम र विकास निर्माणको विषयमा सारंशमा तल उल्लेख गरिएको छ ।

**सिँचाई :**

- ❖ वर्षौ देखि सिँचाईको लागि भइरहेका पहलहरुबाट कुनै उपलब्धी हासिल नभइरहेको अवस्थामा सिँचाई आयोजनालाई पालिका, प्रदेश र केन्द्रको सहयोग र समन्वयमा आगामी पाँच वर्ष भित्रमा पूर्णता दिइने छ ।
- ❖ सिक्रेटार लिफ्ट सिँचाई आयोजना मार्फत सिक्रेटार, लुङछुङ, हल्ले, खाल्ले मैदाने, वेल्टार, जग्रे, खिसु, गैरा र पिपलटारमा सिँचाई आयोजना संचालन गरिने छ, यो आयोजनालाई अरुण गाउँपालिका-७ को गौरवको आयोजनाको रुपमा अघि वढाइने छ ।

**टोल टोलमा वडा :**

- ❖ भौगोलिक हिसाबले वडाको सेवा लिनको निमित्त असहज भइरहेका टोल वस्तीहरुमा महिनाको एक दिन ढुङ्गे, खाल्ले, मैदाने र एक दिन वेल्टार, जग्रे र पिपलटारमा सम्पर्क कार्यालय मार्फत वडाको सेवा प्रवाह गरिने छ ।

**जेष्ठ नागरिक :**

- ❖ वार्षिक रुपमा अनिवार्य स्वास्थ्य शिविर संचालन गरिनुका साथै जेष्ठ नागरिकसँग डाक्टर सेवा संचालन गरिने छ ।
- ❖ वार्षिक रुपमा जेष्ठ नागरिकलाई सम्मान सहित पौष्टिक आहार वितरण गरिने छ ।
- ❖ वृद्ध भत्ता लिन बैंकसम्म जानु पर्ने समस्यालाई समाधान गरिने छ ।

**स्वास्थ्य : निरोगी वडावासी र स्वास्थ्य नागरिक**

- ❖ हालको सामुदायिक स्वास्थ्य ईकाइलाई स्तर उन्नती गरी स्वास्थ्य चौकी बनाइनुका साथै सुरक्षित मातृत्व सेवाको लागि वर्थिङ सेन्टर संचालन गरिने छ र आवश्यक दक्ष स्थास्थ्यकर्मीको व्यवस्थापन गरिने छ ।
- ❖ वडा भित्र रहेका आङ खस्ने समस्या भएका महिलाहरुको निःशुल्क उपचार तथा शल्यकृयाको व्यवस्था गरिने छ ।
- ❖ गर्भवती तथा सुत्केरी महिलाहरुको लागि पोषण कार्यक्रम संचालन संचालन गरिने छ ।
- ❖ गर्भवती महिलाको सुरक्षित प्रसुतिको लागि वडास्थित वर्थिङ सेन्टरसम्म आवत जावत गर्न निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराइने छ ।
- ❖ वडाका हरेक नागरिकको स्वास्थ्य विमा अनिवार्य गरिने छ ।
- ❖ सामान्य खानपान, जिवनशैली र आफ्नो स्वास्थ्य प्रति संवेदनशील नहुँदा धेरै मानिस प्राण घातक रोगहरुको सिकार भइरहेको अवस्थामा यसबाट बच्नको लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी स्वास्थ्य साक्षरता सम्बन्धी जनचेतनामुलक कार्यहरु गरिने छ ।
- ❖ मदिरा सेवन, धुम्रपान, लागू औषधको प्रयोगलाई निरुत्साहित गर्न जागरणमूलक कार्यक्रम र वाध्यकारी कानुनी प्रबन्ध गरिने छ ।

**शिक्षा : गुणस्तरीय शिक्षाको आधार, सामुदायीक विद्यालयको सुधार**

- ❖ सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई तालिमको व्यवस्थापन गरिने छ ।
- ❖ एसईई दिने विद्यार्थीहरुको उज्वल भविष्यको लागि तीन महिना होस्टल सहितको विशेष तयारी कक्षा संचालन गरिने छ ।
- ❖ शिशु कक्षाको प्रभावकारी संचालनको लागि पर्याप्त खेलकुद सामग्रीको व्यावस्थापन गरिने छ ।

- न्यून पारिश्रमिकमा काम गरिरहेका विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भुक्तानीको लागि पहल गरिने छ ।
- विद्यालयमा शुद्ध पिउने पानि तथा निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिने छ ।
- वडाका महिला, प्रौढ तथा अविभावकहरुको लागि शिक्षामा प्रथामिकता दिँदै टोल टोलमा विशेष कक्षाहरु संचालन गरिने छ ।
- सगरमाथा माध्यमिक विद्यालयलाई प्राविधिक धारको विद्यालयमा रुपान्तरणको लागि आवश्यक पहल गरिने छ ।
- विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइने छ ।
- विद्यालय व्यवस्थापन समितिलाई सक्षम, प्रभावकारी र जवाफदेही बनाइने छ ।
- शिक्षकलाई पछिल्लो सिकाई शैली र ज्ञान बारे अद्यावधिक हुन, प्राविधिक ज्ञान सिक्न र सोही अनुसार सिकाउने उत्प्रेरणा प्रदान गरी आवश्यक शिक्षक अविभावकहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- विद्यालयमा यातायातको लागि आवश्यक पहल तथा प्रयत्न गरिने छ ।
- वडाबाट एसईईमा उत्तीर्ण विद्यार्थीहरु मध्येबाट वार्षिक एक जनालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृद्धि उपलब्ध गराइने छ ।

**कृषि :**

- पानीको पर्याप्त स्रोत एवं कृषिको उर्वर भूमि भएको वेल्टारलाई कृषि पकेट क्षेत्र निर्माण गरी मौसम अनुकुल कृषि उत्पादनमा विशेष प्रथामिकता दिइने छ ।
- वेमौसमी तरकारी उत्पादनको लागि आवश्यक पर्ने टनेला तथा विऊ विजनहरु वितरणको लागि कृषि सहकारी मार्फत वितरण गरिने छ ।
- सिँचाईको लागि पानीका मुहानहरुको पहिचान गरी ल्याउने प्रबन्ध मिलाइने छ ।
- कृषि उत्पादनको वृद्धि विकास र व्यावसायिकताको लागि माटो परीक्षण गरी उपयुक्त बालीको सिफारिस गरिने छ ।
- व्यवसायिक तरकारी खेतीको विस्तारका लागि टोल टोलमा पलास्टिक पोखरी, टनेला निर्माण गरी पानीको व्यवस्थापन गरिने छ ।
- व्यवसायिक वाखा तथा पशुपन्छी पालनको लागि खोर सुधार, उन्नत जातको विउ बोका खरिद अनुदान तथा आवश्यक प्राविधिक सहयोग गरिने छ ।
- दूध उत्पादनलाई व्यवसायिक र आत्मनिर्भर बनाउनको निमित्त आवश्यक सहयोगसँगै बजार व्यवस्थापनमा जोड दिइने छ ।
- वडाका विपन्न, गरिब, दलित, जनजाति वर्गलाई लक्षित गरी व्यवसायिक बंगुर पालनलाई विस्तार गर्नको निमित्त आवश्यक सहयोग तथा सहजीकरण गरिने छ ।
- व्यवसायिक कृषि गर्ने किसानहरुलाई सहुलियत पूर्ण कृषि कर्जाको लागि बैंक वित्तीय संस्था तथा सहकारीहरुसँग समन्वय गरी व्याजदरमा सहुलियत सहित सहजीकरणमा आवश्यक सहयोग गरिने छ ।
- वार्षिक रुपमा कृषकलाई आवश्यक पर्ने रासायनिक मल कृषि सहकारी मार्फत बाह्रै महिना उपलब्ध गराउने प्रबन्ध मिलाइने छ ।
- कृषि सहकारीका माध्यमबाट व्यवसायिक कृषिको विकास गर्नुका साथै उत्पादक र उपभोक्ताको हित संरक्षण गर्दै वितरणमा विचौलियाको वर्चस्व अन्त्य गरिने छ ।
- अर्गानिक खेतीको विकाससँगै जनचेतना अभिवृद्धि गरिने छ ।
- पानीको स्रोत भएका खोला नदीको आसपासका धान उत्पादन हुने खेती जस्तै बाह्रविसे, कुखुरे लगायतका खेतीमा सडक, विद्युत र पानिको उचित प्रबन्ध गरिने छ भने पानिको लागि वोरिङ, लिफ्टिङको प्रबन्ध गरी कृषकलाई कृषि उत्पादकत्व वृद्धिमा सहजीकरण गरिने छ ।

**युवा र खेलकुद :**

- व्यवसायिक कृषिमा युवाको सहभागिता, आत्मनिर्भर र स्वरोजगार भन्ने मूल नाराका साथ युवाहरुले प्रथामिकता दिइने छ ।
- युवाहरुको शारीरिक तथा मानसिक विकासको लागि खेल मैदान, क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनहरुको व्यवस्था गरिने छ ।

- युवा लक्षित सिप तालिम तथा उद्यमशिलताको क्षेत्रमा आवश्यक कार्य गरिने छ ।
- कृषि क्षेत्रमा युवा आकर्षण बढाई वडामा स्वरोजगार हुन चाहने युवाहरुको लागि आवश्यक सिड मनिको व्यवस्थापन, व्याज अनुदान, व्यावसायसँग सम्बन्धित ज्ञान सिपको लागि आवश्यक सहयोग गरिने छ ।
- युवाहरुलाई समाजको चौतर्फी विकासमा नेतृत्वदायी भूमिका प्रदान गर्दै युवाहरुलाई छुवाछुत, दाइजो प्रथा, कुलत, जातीय तथा लैङ्गिक भेदभाव, सामाजिक अन्धविश्वस, कुसंस्कार जस्ता कुरीति हटाउदै सामाजिक आर्थिक र संस्कृतिक रुपान्तरणको अभियानमा अग्रणी भूमिका स्थापित गराइने छ ।
- विपद, महामारी, विकास निर्माण, सामाजिक चेतना अभिवृद्धि, वडाको योजना निर्माण तथा बजेट वितरणमा सहभागिता गराई युवाको चौतर्फी विकासमा सहयोग गरिने छ ।
- “एक टोल एक युवा उद्यम व्यवसाय”को शुरुवात गरी युवाले विदेशमा सिकेर आएको ज्ञान सिप र प्रविधिलाई स्वदेशमा प्रयोग गरी व्यवसायिक वन्न चाहने युवाहरुलाई विशेष प्राथमिकता सहित आवश्यक सहयोग तथा सहजीकरण गरिने छ ।
- प्रत्येक वर्ष पालिकास्तस्तरीय विभिन्न खेलकुद आयोजनाहरु संचालन गरिने छ ।
- व्यवसायिक खेलाडी उत्पादनको लागि खेलकुद मैदानको स्तर उन्नती, खेलकुद सामग्रीहरुको पर्याप्तता र जनचेतनाको अभिवृद्धि गरिने छ ।
- ढुङ्गे, खाल्ले, मैदानेको लागि खेलकुद मैदान निर्माण गरिने छ ।

**उज्यालो वडा :**
- विद्युत नपुगेका घरहरुको पहिचान गरी पोल तार पुऱ्याउनुका साथै आर्थिक अवस्थाका कारण विद्युत उपयोग गर्न नसकिरहेका हरेक वडावासीको निःशुल्क रुपमा मिटर बक्स खरिद जडान र वायरिङमा सहयोग गरिने छ ।

**यातायात र पुर्वधार :**
- सिक्रेटार रिङरोड (मैदाने, खाल्ले, ढुङ्गे, सिक्रेटार, तल्लो गाउँ, फोस्टार, लामबगर हुँदै दोभान, लिडेवगर) जोड्ने सडक निर्माण गरिने छ ।
- अरुण-७ बाट नियमित सार्वजनिक सवारीको आवत जावत नहुँदा यहाँको विकासमा अवरोध हुनका साथै नागरिकले दुःख समेत पाइरहेको हुँदा मैदाने, खाल्ले ढुङ्गे हुँदै सिक्रेटार जरायोटारबाट नियमित रुपमा धरान ईटहरीसम्म सार्वजनिक बस संचालनको लागि आवश्यक सडक पूर्वाधारको स्तर उन्नती गर्दै व्यवसायीहरुसँग समन्वय गरी बस संचालनको प्रबन्ध मिलाइने छ ।

**विविध :**
- खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने गरी कार्ययोजना निर्माण गरी लागु गरिने छ ।
- महिलाहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासको लागि आवश्यक पहल कदमी गरिने छ ।
- निरक्षर महिलाहरुको लागि महिला शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- एकल महिलाहरुको लागि आवश्यक सहयोग गरिने छ ।
- आवश्यकताका आधारमा सार्वजनिक शौचालयहरुको निर्माण गरिने छ ।
- आवश्यकताका आधारमा सोलरद्वारा संचालन हुने सडक बत्तीहरुको खरिद तथा जडान गरिने छ ।
- कालीखोला खानेपानी आयोजनालाई आगामी दुई वर्ष वि.सं. २०८१ साल भित्रमा सम्पन्न गरिने छ ।
- आवश्यकताका आधारमा टोल टोलमा प्रतिक्षालयहरुको निर्माण तथा व्यवस्थापन गरिने छ ।
- विभिन्न धर्म, संस्कार, परम्परा अनुसार गरिने पूजा तथा धार्मिक कार्य गर्ने स्थानमा मन्दिर तथा देवल घरहरुको निर्माण गरिने छ ।
- वडा कार्यालयको आर्थिक सहयोगमा अरुण कृषि सहकारी संस्था द्वारा संचालिन अरुण कृषि एम्वुलेन्स सेवालाई वडावासीको सुविधाको लागि थप प्रभावकारी र व्यावस्थित रुपमा संचालनको लागि आवश्यक प्रबन्ध गरिने छ ।
- अरुण कृषि सहकारीको संचालन र व्यवस्थानलाई थप सदस्यमैत्री बनाउँदै चुस्त दुरुस्त रुपमा संचालनको लागि आवश्यक सहयोग तथा सहकार्य गरिने छ ।
- सामुदायिक वनहरुको संरक्षण र रेखदेखको लागि कार्ययोजना निर्माण गरी लागु गरिने छ । साथै वृक्ष रोपण कार्यलाई वार्षिक रुपमा विस्तार गरिने छ ।

- यस वडाभित्र रहेका सम्पूर्ण महिला समुह, किर्तन समुह, अपाङ्ग समुह लगायत सम्पूर्णको क्षमता अभिवृद्धि तथा रेखदेख र संरक्षणमा सहयोग उपलब्ध गराइने छ ।
- अपाङ्ग तथा असहायहरुको जिविकोपार्जनका लागि सहयोग र समन्वय गरिने छ ।
- टोल टोलमा ईन्टरनेट र फ्री वाईफाईको व्यावस्थापन गरिने छ ।

वडावासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुको अमूल्य मतदानको अपेक्षा सहित ।

**नेकपा (एमाले)**
**चुनाव प्रचार प्रसार समिति**
**अरुण गाउँपालिका–७, भोजपुर**

